# श्री माध्यमिक विद्यालय

## गरुडा न.पा.-४, गरुडा, रौतहट

(स्थापित सं. २०३६)

IEMIS NO. 320320003

पत्र संख्या : २०८३/०८४
चलानी नं. : ५२
प्राप्त पत्र संख्या र मिति :

मिति : २०८३/०६/१६

**विषय :-सरुवाको लागि दरखास्त पेस गर्ने सम्बन्धमा ।**

श्री सम्बन्धित सबै ।

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय एकाइ, रौतहट, गौरको च.नं. २६९, मिति २०८३/०६/०६ गतेको अनुमतिपत्र बमोजिम स्वेच्छिक अवकाशका कारण यस विद्यालयमा रिक्त रहेको प्राथमिक तह शिक्षक पदमा सरुवामार्फत पदपूर्ति गर्नुपर्ने भएकाले शिक्षा नियमावली, २०५९ (१० औं संशोधनसहित) को अधीनमा रही सरुवा गर्ने प्रयोजनका लागि इच्छुक प्रा.वि. तहका स्थायी शिक्षकहरूले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजातसहित निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

१. सरुवाको लागि हस्तलिखित निवेदन
२. नेपाली नागरिकता प्रमाणपत्रको छायांप्रति
३. आफ्नो सेवा अवधि खुल्ने कागजात
४. स्थायी नियुक्ति पत्रको छायांप्रति
५. शैक्षिक योग्यता तथा तालिम सम्बन्धी प्रमाणपत्रको प्रमाणित छायांप्रति
६. हाल कार्यरत विद्यालय वा स्थानीय तहमा हालको पदमा सुरुको हाजिरी भएको कागजात
७. असाधारण तथा बेतलवी विदा लिए/नलिएको खुल्ने कागजात
८. हाल कार्यरत विद्यालयको विद्यालय व्यवस्थापन समितिको सरुवा सहमतिको निर्णय, विद्यालयको सहमति पत्र, स्थानीय तहको सरुवा सहमति पत्र र जिल्लान्तरको हकमा सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइको सहमति पत्र ।
९. शिक्षा नियमावली, २०५९ (१० औं संशोधन) को नियम ९८ को उपनियम (११) बमोजिमको प्राथमिकतामा पर्ने भए शिक्षकले प्राथमिकता खुलाउने कागजातको प्रमाणित प्रतिलिपि
१०. शिक्षा नियमावली, २०५९ (१० औं संशोधन सहित) को अनुसूची १७ बमोजिमको फाराम तथा प्रचलित कानुन बमोजिमका अन्य कागजातहरु
११. दरखास्त दिने अन्तिम मिति २०८३/०६/१६ गते देखि मिति २०८३/०६/३० गते सम्म विद्यालय समय भित्र । तोकिएको अवधि भित्र प्राप्त निवेदनहरु शिक्षा नियमावली २०५९ दशौं संशोधन २०८३ को नीति नियममा रहेर मूल्यांकन गरी आवश्यक प्रक्रिया अगाडी बढाउने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना पाटी, सामाजिक सञ्जाल र सम्बन्धित कार्यालय मार्फत प्रकाशित गरिएको छ ।
१२. सम्पर्क नम्बर ९८५५०४२९६६, ९८४५१३१६९८

बोधार्थ:

१. श्री शिक्षा विकास तथा समन्वय एकाइ, रौतहट गौर (जानकारी तथा वेवसाइटमा प्रकाशन गरिदिनु हुन ।)
२. श्री शिक्षा युवा तथा खेलकुद शाखा, गरुडा नगरपालिका, रौतहट (जानकारी तथा वेवसाइटमा प्रकाशन गरिदिनु हुन ।)
३. श्री वडा नं. ४, वडा कार्यालय गरुडा (जानकारीको लागि)

(प्रभु राउत)
प्रधानाध्यापक

E-mail :- smssgr2036@gmail.com

Cell no. :- 9855042860

# श्री रामचन्द्र माध्यमिक विद्यालय

गरुडा न.पा-८,(बसविट्टी जिंगडिया) रौतहट
(स्थापित वि.सं.२०२८ साल)

## SHREE RAM CHANDRA SECONDARY SCHOOL

Garuda Na.pa-8, ( Basbitti Zingadiya), Rautahat
(ESTD. 2028 B.S.)

पत्र संख्या (Letter No) :-०८३/०८४
चलानी नं. (Ref. No) :- ९६

मिति (Date) :-२०८३/०६/१३

विषय :- स्थायी सरुवाको लागि दरखास्त आह्वान सम्बन्धमा ।

सम्बन्धित सबै ।

उपर्युक्त सम्बन्धमा यस श्री रामचन्द्र मा बि जिंगडीया गरुडा ८ को विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०५/१८ गतेको निर्णय र समन्वय इकाई, गौर रौतहटको प.सं.०८३/०८४ च.नं. २९८ मिति २०८३/०६/१२ गतेको पत्र अनुसार सरुवाको कारणले यस विद्यालयमा रिक्त रहेको प्राथमिक तह शिक्षकको सरुवा मार्फत पदपूर्तिको लागि शिक्षा नियमावली २०५९ (१० औं संशोधन) को अधिनमा रही सरुवा गर्ने प्रयोजनको लागि इच्छुक प्रा.वि: तह स्थायी शिक्षकहरूले सूचना आह्वान भएको मितिले १५ (पन्ध्र) दिनभित्र निवेदन पेश गर्न शिक्षा नियमावली २०५९ (१० औं संशोधन) को नियम ९८ को उपनियम (६) बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

- दरखास्त आह्वान मिति :- २०८३/०६/१३ गते
- दरखास्त आइपुग्ने अन्तिम मिति :-२०८३/०६/२८ गते

पेश गर्नुपर्ने कागजातहरू :-

- अनुसूची १६ बमोजिम सरुवाको लागि निवेदन ।
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- सेवा अवधि खुल्ने कागजात ।
- शैक्षिक योग्यता र शैक्षिक प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
- स्थायी तथा अस्थायी नियुक्ति पत्रको प्रतिलिपि ।
- हाल कार्यरत रहेको विद्यालयमा हाजिर भएको कागजातंको प्रतिलिपि ।
- असाधारण तथा बेतलबी लिए/नलिएको खुल्ने कागजात ।
- कार्यरत विद्यालयको विद्यालय व्यवस्थापन समितिको सरुवा सहमतिको निर्णय र विद्यालयको सहमति पत्र
- कार्यरत स्थानीय तहको सरुवा सहमति पत्र ।
- आवेदक रौतहट जिल्ला बाहिर कार्यरत रहेको भए सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईको सरुवा सहमति पत्र
- शिक्षा नियमावली २०५९ (१० औं संशोधन) को नियम ९८ को उपनियम (११) बमोजिमको प्राथमिकतामा पर्ने शिक्षकले प्राथमिकता खुलाउने कागजातको प्रमाणित प्रतिलिपि ।
- सम्पर्क न. : प्रधानाध्यापक :- ९८५५०४२८६०,९८५५०४२८५७

बोधार्थ :-

- श्री शिक्षा विकास तथा समन्वय इकाई रौतहट गौर। (वेबसाइटमा अपलोड गरिदिनुहुन।)
- श्री गरुडा नगरपालिका। (वेबसाइटमा अपलोड गरिदिनुहुन।)
- श्री ८ नं. वडा कार्यालय गरुडा जिंगडीया (गरुडा नगरपालिका) (जानकारीको लागि।)

२०८३/०६/१३

प्रधानाध्यापक
जंगबहादुर ठाकुर